(दफा ४ तथा अनुसूची (१) को भाग (२) सँग सम्बन्धित

# विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः६ सङ्ख्याः४ राजपत्रमा प्रकाशित मितिः२०८०/०४/२८

## भाग १

विराटनगर महानगरपालिकाको १२ औँ नगरसभाबाट जारी भएको

# सूर्तिजन्य पदार्थ (बिक्री, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन, २०८०

## सूर्तिजन्य पदार्थ (बिक्री, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन, २०८०

*नगरसभाबाट स्वीकृत मितिः२०८०/०३/१०*

*प्रमाणीकरण मितिः २०८०/०३/११*

**प्रस्तावनाः**

धूम्रपान तथा सूर्ति सेवन मानव स्वास्थ्यको लागि अत्यन्त हानिकारक भएको र धूम्रपान तथा सूर्ति सेवनले मानव जीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पार्ने भएकोले सो कार्यलाई नियन्त्रण गरी सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हितको अभिवृद्धि गर्न सूर्तिजन्य पदार्थको व्यवस्थित बिक्री, वितरण तथा सेवन गर्ने कार्यलाई नियन्त्रण तथा निषेध गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि विराटनगर महानगरपालिकाको नगर सभाले यो ऐन जारी गरेको छ ।

### परिच्छेद- १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "विराटनगर महानगरपालिका सूर्तिजन्य पदार्थ (बिक्री, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

क) "उत्पादक" भन्नाले सूर्तिजन्य पदार्थको उत्पादक सम्झनु पर्छ ।

ख) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिका सम्झनु पर्दछ ।

ग) "उप प्रमुख" भन्नाले विराटनगर महानगरपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

घ) "कार्यालय" भन्नाले विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ङ) "धूम्रपान" भन्नाले चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ सेवन गर्ने काम सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले विराटनगर महानगरपालिका नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

छ) "निरीक्षक" भन्नाले दफा १० बमोजिम तोकिएको व्यक्ति सम्झनु पर्छ ।

ज) "समिति" भन्नाले दफा १४ बमोजिम गठित सूर्तिजन्य पदार्थ नियन्त्रण तथा निषेध समिति सम्झनु पर्छ।

झ) "सार्वजनिक स्थल" भन्नाले दफा ३ मा तोकिए बमोजिमको स्थल सम्झनु पर्छ ।

ञ) "सूर्तिजन्य पदार्थ" भन्नाले धूम्रपान वा सूर्ति सेवनको निमित्त बनाइएको वा उत्पादन गरिएको चुरोट, बिंडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सूर्ति, खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य सूर्तिजन्यपदार्थ सम्झनु पर्छ ।

ट) "सूर्ति सेवन" भन्नाले खैनी, गुट्खा, सूर्ति वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नस लिने वा सेवन गर्ने काम सम्झनु पर्छ ।

## परिच्छेद २

## सूर्तिजन्य पदार्थको नियन्त्रण

**३. सार्वजनिक स्थल मानिनेः** (१) देहायको स्थललाई सार्वजनिक स्थल मानिनेछः-

(क) सरकारी निकाय, संस्था वा कार्यालय,

(ख) शिक्षण संस्था, पुस्तकालय, तालीम तथा स्वास्थ्य सम्बन्धी संस्था,

(ग) सार्वजनिक सवारीका साधन,

(घ) बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय, बाल उद्यान तथा क्लब,

(ङ) सार्वजनिक शौचालय,

(च) उद्योग तथा कल कारखानाका कार्यस्थल,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कार्यस्थल भन्नाले उद्योग तथा कल कारखानाले काम गर्न छुट्याएको कार्यालय वा स्थल सम्झनु पर्छ ।

(छ) चलचित्र घर, सांस्कृतिक केन्द्र तथा नाटयशाला,

(ज) होटल, मोटल, रिसोर्ट, रेष्टुरेण्ट, बार, भोजनालय, चमेनागृह, लज, छात्र वा छात्रावास तथा अतिथि गृह,

(झ)रङ्गशाला, कभर्ड हल, शारीरिक सुगठन व्यायाम केन्द्र, पौडी पोखरी तथा पुल हाउस,

(ञ) डिपार्टमेण्टल स्टोर तथा मिनी मार्केट,

(ट) धर्मशाला तथा धार्मिक स्थल,

(ठ) सार्वजनिक सवारीका प्रतिक्षालय तथा टिकट काउण्टर ।

२) उपदफा (१) मा उल्लिखित स्थलको अतिरिक्त कुनै ठाउँको महत्व र संवेदनशीलतालाई विचार गरी महानगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको अन्य स्थल समेत सार्वजनिक स्थल मानिनेछ।

**४. सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्ति सेवन गर्न नहुनेः** (१) कसैले पनि सार्वजनिक स्थलमा धूम्रपान तथा सूर्तिसेवन गर्न पाउने छैन ।

**५. सूचना टाँस गर्नु पर्नेः-** व्यवस्थापकले आफूसँग सम्बन्धित सार्वजनिक स्थलको बारे ठाउँमा धूम्रपान तथा सूर्ति सेवन गर्न नपाउने व्यहोराको सूचना सबैले देख्ने र पढ्न सक्ने गरी टाँस गर्नु पर्नेछ।

**६. घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न नहुनेः** कसैले पनि अन्य व्यक्तिलाई असर पर्ने गरी घर तथा निजी सवारी साधनभित्र धूम्रपान गर्न हुँदैन ।

## परिच्छेद- ३

## सूर्तिजन्य पदार्थको बिक्री वितरणमा निषेध

**७. बिक्री वितरण गर्न निषेधः** (१) यस महानगरपालिकाले आफ्नो क्षेत्र भित्र तोकिएका सूर्तिजन्य पदार्थ विक्री वितरण गर्न वा गर्न लगाउन वा निःशुल्क उपलब्ध गराउन वा सूर्तिजन्य पदार्थको विक्री वितरण गर्न राजपत्रमा सूचना प्रकाशन गरी रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि पान र पानमा प्रयोग हुने मसलाहरुको विक्री वितरणमा रोक लगाइएको मानिने छैन ।

**८. विज्ञापन तथा प्रायोजन गर्न नपाइनेः** उत्पादक लगायत कसैले पनि यस महानगरपालिका भित्र पत्रपत्रिका तथा रेडियो, टेलिभिजन, एफ. एम., इन्टरनेट, ई-मेल जस्ता विद्युतीय सञ्चार माध्यम, अन्तरक्रिया कार्यक्रम, होर्डिङ्ग बोर्ड, भित्तेलेखन, लोगो, सङ्केत, लेख, दृश्य, आवाज, चिन्ह, व्यक्ति वा अन्य कुनै पनि माध्यमबाट सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रम, समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाउने छैन ।

**९. प्रदर्शनमा बन्देजः** (१) कसैले पनि सूर्तिजन्य पदार्थ प्रति आकर्षण हुने गरी सूर्तिजन्य पदार्थको सजावट गर्न पाउने छैन ।

(२) कसैले पनि सूर्तिजन्य पदार्थको कुनै तरिकाबाट प्रदर्शन गर्न पाउने छैन ।

## परिच्छेद ४

## निरीक्षण, अनुसन्धान तथा मुद्दा दायरी

**१०. निरीक्षक सम्बन्धी व्यवस्थाः** (१) यस ऐन विपरीत महानगरपालिका क्षेत्रभित्र कुनै स्थान वा सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरे वा नगरेको वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षण गर्ने काम समेतको लागि प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत कर्मचारीलाई निरीक्षकको रुपमा तोक्न सक्नेछ ।

(२) निरीक्षकले आफुले गरेको कामको विवरण प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(३) यस ऐनमा लेखिएदेखि बाहेक निरीक्षकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**११. निरीक्षण गर्न सक्नेः** (१) कसैले यस ऐन विपरीत सूर्तिजन्य पदार्थ बिक्री वितरण सेवन गरे वा नगरेको वा यस ऐन बमोजिम गर्नु पर्ने कुराहरु पूरा गरे वा नगरेको सम्बन्धमा निरीक्षकले आफ्नो क्षेत्राधिकारभित्रको जुनसुकै सार्वजनिक स्थलको निरीक्षण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा कसैले सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेको वा विक्री गरेको देखिएमा निरीक्षकले त्यस्तो ठाउँमा धूम्रपान वा सूर्ति सेवन गर्न रोक लगाउन वा बिक्री वितरणमा रोक लगाउन निर्देशन दिन वा तत्काल जरीवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षकले दिएको निर्देशन सबैले पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद ५

## सजाय तथा पुनरावेदन

**१२. सजायः** (१) कसैले यस ऐन विपरीत सार्वजनिक स्थलमा धूम्रपान वा सूर्ति सेवन गरेमा निरीक्षकले देहाय बमोजिम सजाय गर्नु पर्नेछः-

(क) धूम्रपान वा सूर्ति सेवन गर्न तुरुन्त रोक लगाउने र त्यसरी रोक लगाउँदा नमानेमा वा पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा निजलाई त्यस्तो सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय गर्ने ।

(ख) धूम्रपान वा सूर्ति सेवन गर्ने व्यक्ति सार्वजनिक स्थलसँग सम्बन्धित व्यक्ति वा कर्मचारी भएमा धुम्रपान वा सूर्ति सेवन गर्न तुरून्त रोक लगाउने र पटक पटक धूम्रपान वा सूर्ति सेवन गरेमा अनुशासनमा नरहेको सरह मानी निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम सचेत गराउने वा अन्य विभागिय कारबाही गर्न सिफारिस गर्ने ।

(ग) दफा ८ विपरीतको कुनै काम गरेमा अपराधको प्रकृति हेरी तीस हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(ङ) दफा ७ र ९ विपरीतको कुनै काम गरेमा उक्त काम गर्नेलाई प्रथम पटकका लागि दश हजार, दोस्रो पटक भए तीस हजार र तेस्रो पटक भए पचास हजार रूपैयाँ जरिवाना र दर्ता खारेज गर्न सक्नेछ ।

(२) उल्लेखित जरिवाना वापत लिएको रकम महानगरपालिकाको संचित कोष खातामा जम्मा गर्नु पर्नेछ ।

**१३. पुनरावेदनः** निरीक्षकले गरेको कारवाही र जरिवाना उपर प्रमुख प्रशासकिय अधिकृत समक्ष सात दिन भित्र पुनरावेदन दिन सक्नेछ र प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

## परिच्छेद ६

## विविध

**१४. अनुगमन समितिः** सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमन गर्ने तथा यस ऐनको पालना भए नभएको अनुगमन गर्न महानगरपालिकाले एउटा अनुगमन समिति बनाउन सक्नेछ ।

**१५. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सूर्तिजन्य पदार्थको नियन्त्रण तथा नियमनका लागि अपनाउनु पर्ने नीति तथा सुधार गर्नु पर्ने कानूनको सम्बन्धमा नगर कार्यपालिका समक्ष सुझाव पेश गर्ने,

(ख) धूम्रपान तथा सूर्ति सेवनलाई निरुत्साहित गर्न यसबाट पर्ने नकारात्मक असरका सम्बन्धमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ग) धूम्रपान तथा सूर्ति सेवनको लतमा लागेकालाई सोबाट छुटकारा दिलाई स्वस्थ्य जीवन यापनको लागि आवश्यक उपाय अवलम्बन गर्ने,

(घ) निरीक्षकको काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ङ) निरीक्षकको काम कारवाहीको सम्बन्धमा निरीक्षकलाई आवश्यक निर्देशन दिने,

(च) सूर्तिजन्य पदार्थको आयात, उत्पादन, बिक्री वितरण र उपभोग नियन्त्रण र निषेध गर्नका लागि आवश्यक काम गर्ने,
(छ) ऐनले तोके बमोजिमको व्यवस्था कायम बजार अनुगमन गर्ने ।

**१६. खानतलासीको सूचना दिनु पर्नेः** (१) महानगरपालिकाले सूर्तीजन्य पदार्थ खानतलासी गर्नु अगाडी अनुसूची (१) बमोजिमको ढाँचामा खानतलासीको सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खानतलासीको सूचना दिई खानतलासी गर्दा बरामद भएका सूर्तीजन्य पदार्थलाई अनुसूची (२) बमोजिमको ढाँचामा बरामदी मुचुल्का तयार गर्नुपर्नेछ ।

**१७. जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्नेः** (१) महानगरपालिकाले यस ऐन बमोजिम जफत गरेको सूर्तिजन्य पदार्थ नष्ट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूर्तिजन्य पदार्थ नष्ट गर्दा अनुसूची ३ बमोजिमको सूर्तिजन्य पदार्थ नष्ट मुचुल्का तयार गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूर्तिजन्य पदार्थ नष्ट गर्दा मानव स्वास्थ्य तथा वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी नष्ट गर्नु पर्नेछ ।

**१८. नियम तथा कार्यविधि बनाउन सकिनेः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न महानगरपालिकाकाले आवश्यकता अनुरुप नियम तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**१९. सहयोग गर्नु पर्नेः** यस ऐन बमोजिमको कुनै काम कारवाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ ।

**२०. कार्यविधिको व्याख्याः-** यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

**२१. संसोधन, बचाउ र खारेजीः** यो ऐन संसोधन वा खारेज गर्न आवश्यक देखेमा नगर सभाले संसोधन वा खारेज गर्न सक्नेछ । यो ऐनमा लेखिएका कुराहरु संघीय कानुन, प्रदेश कानूनसँग बाँझिएमा बाँझिएको हद सम्म अमान्य हुनेछ ।

विराटनगर राजपत्र

अनुसुची - १

(दफा १६ को उपदफा १ सँग सम्बन्धित)

**खानतलासी गर्ने सुचना**

श्री.................................

ठेगानाः-

.................................उजुरीले तपाईको घर/पसलमा विराटनगर महानगरपालिकाको १२ औं नगर सभाबाट जारी भएको विराटनगर महानगरपालिका सूर्तिजन्य पदार्थ (विक्री, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन २०८० बमोजिम आफ्नो क्षेत्र भित्र सुर्तिजन्य पदार्थ (सुर्ती, झोला, गुट्खा) बिक्री बितरण तथा सेवनमा निषेध गरीएकोमा तपाइले आफ्नो पसल/घर मा राखी हाल सम्म विक्री वितरण/सेवन गरी रहेको भन्ने जन गुनासो मौखिक/लिखित रुपमा प्राप्त भएको हुदाँ उक्त निषेधित चिज वस्तु घर/पसल/जग्गा खानतलासी गर्न तपाइलाई यो सुचना प्रदान गरिएको छ । उक्त कार्यमा सहयोग पुऱ्याइदिनु हुन अनुरोध छ ।

खानतलासी गर्ने अधिकृत

मितिः-

विराटनगर राजपत्र

अनुसुची – २

(दफा १६ को उपदफा २ सँग सम्वन्धित)

**बरामदी/खानतलासी मुचुल्का**

श्री विराटनगर महानगरपालिका वडा नं.........स्थितमा खडा गरिएको सुर्तिजन्य पदार्थ विक्री वितरण/सेवन संग सम्बन्धित चिज वस्तु/ठाँउ/पसल/घर/मानिसको वरामदी/खानतलासी मुचुल्का ।

१) सूचना दिने

२) खानतलासी गर्ने अधिकारी वा कर्मचारीको अग्रीम तलासी लिनु पर्ने भए सो लिएको विवरण :-

३) बरामदी/खानतलासी गरीएको चिज बस्तु/ठाँउ/घर/पसल रहेको चार किल्ला सहितको विवरण :-

४) बरामद भएको निषेधित सामानको विवरणः-

५) देखे बमोजिम दस्तखत गर्ने साक्षीहरुको नाम थर, वतन, उमेर र दस्तखत

१.

२.

३.

६) रोहवरमा बस्नेहरुको नामथर,उमेर र दस्तखत

७)

(क) खानतलासी गर्ने अधिकृतले मेरो घर, चिज,वस्तु, शरीर खानतलासी लिँदा आफ्नो तलासी दिई इज्जतसाथ मेरो घर/पसल,ठाउँको तलासी लिएको र घरको वा पसलको मेरो मुचुल्कामा उल्लेखित सामान बाहेक मेरो कुनै सामान हिना मिना भएको छैन भनि दस्तखत गर्ने घर पसल,धनी जि.......................... म.न.पा./न.पा./गा.पा. बस्ने बर्ष को ...........................................................................

<u>काम तामेल गर्ने</u>

खानतलासी/बरामदी गर्ने अधिकारीः-

अन्य कर्मचारी :-

मिति :-

समय :

अनुसुची - ३
(दफा १७ को उपदफा २ सँग सम्बन्धित)

**सूर्तीजन्य पदार्थ नष्ट मुचुल्का**

लिखितम तपसिल बमोजिममा रही सुर्तीजन्य पदार्थ नष्ट मुचुल्का कागजमा सहिछाप गर्ने मानिसहरु आगे विराटनगर महानगरपालिकाको १२ औं नगर सभाले जारी गरेको "विराटनगर महानगरपालिका सूर्तिजन्य पदार्थ (बिक्री, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन, २०८०" ले विराटनगर महानगरपालिका क्षेत्र भित्रका सार्वजानिक स्थलमा धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन तथा विक्री वितरण गर्न प्रचलित कानुन, सदाचार र सार्वजानिक हित तथा भलाइको दृष्टिकोणले निषेध गर्ने निर्णय भए बमोजिम विभिन्न सार्वजनिक स्थलहरुबाट विभिन्न समयमा खुला रुपमा विक्री वितरण तथा सेवन गरेको पाइएकोले नियम अनुसार यस कार्यालयबाट अनुगमनका लागि खटिएका कर्मचारीहरुबाट बरामद गरी ल्याइएका सुर्तीजन्य पदार्थ (चुरोट, भोला, रजनीगन्धा ,राजनिवास, सुर्ती) .............के.जी./थान/प्याकेट विराटनगर महानगरपालिकाको सूर्तिजन्य पदार्थ (बिक्री, वितरण र सेवन गर्न नियन्त्रण र निषेध गर्ने) ऐन, २०८० को दफा १७ को उपदफा २ बमोजिम खाल्टो खनी उल्लेखित परिणामको निषेधित चिज/वस्तु हाम्रा अगाडि नष्ट गरेको ठिक साँचो हो भनी सहिछाप समेत गरी विराटनगर महानगरपालिका बाट खटी आएका कर्मचारीको डोर मार्फत विराटनगर महानगरपालिका नगर कार्यपालिकामा चढायौं ।

तपशिलः-
जिल्ला प्रशासन कार्यालय मोरङ प्रतिनिधि :-............................................................

जिल्ला प्रहरी कार्यालय मोरङ प्रतिनिधिः-.......................................................................

विराटनगर महानगरपालिका जनस्वास्थ्य महाशाखा प्रतिनिधिः-..........................................

विराटनगर महानगरपालिका नगर प्रहरी प्रतिनिधि :-........................................................

रोहवरः-
विराटनगर महानगरपालिकाका जनप्रतिनिधिः................................................
काम तामेल गर्ने :-..............................................................................
...........................................................................................................
ईति संम्वत .........साल,................महिना,..............................गते रोज.........शुभम् ।

आज्ञाले,
राजेन्द्र पराजुली
प्रमुख प्रशासकीय अधिकृत